छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
छिन्नमस्ता , सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal
Website:www.chhinnamastamun.gov.np

प.स.(Letter No):२०७९/०८०

चलानी नं.(Ref No.): 6696

मिति(Date):२०७९/११/१४

विषय : उपभोक्ता समिति गठन गरी सम्झौताको लागि पठाई दिने बारे।

श्री वडा कार्यालय सबै,
छिन्नमस्ता गाउँपालिका,सप्तरी।

उपरोक्त सम्बन्धमा यस छिन्नमस्ता गाउँपालिकाको चालु आ.व. २०७९/०८० का लागि गाउँसभा र हिउँदे गाउँसभा वाट स्वीकृत भएका योजना तथा कार्यक्रम मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन/सञ्चालन गर्नुपर्ने योजना तथा कार्यक्रमहरू छिन्नमस्ता गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि ,२०७९ (संशोधित) अनुसार अनिवार्य रूपमा ७( सात) दिनको सार्वजनिक सूचना आह्वान गरी आयोजनावाट प्रत्यक्ष लभान्वित उपभोक्ताहरुको आमभेलाबाट तपसिल वमोजिमका शर्तका अधीनमा रही उपभोक्ता समिति गठन गरी सम्झौता गर्नका लागि यस कार्यालयमा आजको मिति देखि १५(पन्ध्र) दिन भित्र पठाई दिन हुन अनुरोध।

तपशिल :

१ ) आयोजनावाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

२ ) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा अधयक्ष/उपाध्यक्ष स्वं वा निजले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

३ ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

४ ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्ती प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष,, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।साथै उपभोक्ता समिति गठन गर्दा १ जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गर्नु पर्नेछ।

५ ) उपभोक्ता समिति गठन गर्दाको फोटो उपभोक्ता समितिको सम्झौता गर्न पठाउँदा अबश्य पेश गर्नुपर्नेछ।

२०७९/११/१४
..............................
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्रीमान् अध्यक्षज्यू ,छिन्नमस्ता गा.पा. सप्तरी।
श्रीमान् उपाध्यक्षज्यू ,छिन्नमस्ता गा.पा. सप्तरी ।
श्री सूचना प्रविधि शाखा छिन्नमस्ता गा.पा.सप्तरी **website** र **Facebook page** मा **upload** गरि दिन हुन्।

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं(Contact No.) :-९८५२८२१५६७(9852821567)